BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# रातभरि हुरी चल्यो कथाको समाजशास्त्रीय विश्लेषण

**राजेन्द्र गिरी***
rajendragiri191@gmail.com

Received: Sept. 14, 2021, Accepted: Dec. 15, 2021

**सारसङ्क्षेप**

*प्रस्तुत लेखमा इन्द्रबहादुर राईको रातभरि हुरी चल्यो कथालाई हिप्पोली टेनको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण गरिएको छ। यसमा लेखकको विषयपरिचय दिँदै हिप्पोली टेनको जाति (प्रजाति), क्षण (युग) र परिवेश (वातावरण) को सैद्धा(न्तक कसीमा आगमनात्मक तथा निगमनात्मक दुवै विधिको प्रयोग गरी निष्कर्षसम्म पुग्ने प्रयास भएको छ।*

*रातभरि हुरी चल्यो कथामा दार्जिलिङको निम्नवर्गीय परिवारलाई आधार बनाएर उनीहरुले भोगिरहेको पीडालाई चित्रण गरिएको छ। कालेकी आमाजस्ता नेपाली मूलबाट बसाईं सरेर आएका नेपाली जातिको अवस्था सफल बन्न नसकेको, न्यूनवर्गीय परिवार जहाँ गए पनि समस्याबाट मुक्ति पाउन नसकेको, गाउँमा बस्ने मानिसले आफ्नो जीविकोपार्जनको निम्ति कृषि पेसा अपना(एको, गरिबीको कारणले चुहिने घरमा बस्नु परेको, सहरका मानिसहरूले बाँच्नका लागि पेसा र नोकरी गरेको, सहर र गाउँका मानिसहरुको भोगाइ, सोचाइ र खुवाइ अन्तर रहेको, दार्जिलिङको तत्कालीन ग्रामीण समाज र सहरी जीवनका विविध पक्षलाई उल्लेख गरिएको छ।*

*व्यक्तिका पीडा, बाध्यता र आन्तरिक वेदनालाई प्रस्तुत गर्ने सन्दर्भमा प्राकृतिक दूरी र वैचारिक दूरीलाई एकैसाथ प्रस्तुत गरिएको छ। कालेका बाआमाले भोगेको प्राकृतिक विपत्ति र पीडादायी मनोदशालाई हिप्पोली टेनको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ।*

**शब्दसूची** : *जाति, परिवेश, मुगलान, प्रकोप, प्रवासी।*

## विषयपरिचय

'रातभरि हुरी चल्यो' इन्द्रबहादुर राई (१९८४) द्वारा रचित कथा हो। उनको यो कथा विपना कतिपय (२०१८) सङ्ग्रहमा सङ्गृहीत छ।

'रातभरि हुरी चल्यो' कथामा दार्जिलिङको ग्रामीण भेग तथा सहरमा बस्ने निम्न वर्गीय प्रवासी नेपालीहरूको सामाजिक अवस्थालाई आधार मानेर लेखिएको छ। एक रातभरि र एक बिहानको समयलाई केन्द्रित यसमा कालेका बाआमाले भोगेको प्राकृतिक स्थिति र पीडादायी मनोदशा समेटिएको छ।

फ्रान्सेली दार्शनिक हिप्पोली टेनका अनुसार साहित्यकारले आफ्नो कृतिको विषय वा सामग्री समाजबाट लिन्छ। कृतिमा रहेको प्रजाति, क्षण र परिवेशको अध्ययनबाट मात्र समाजको अध्ययन गर्न सम्भव हुन्छ। कुनै पनि कृतिमा साहित्यकार जुन युगमा बाँचेको हुन्छ त्यस युगको आफ्नै सामाजिक, सांस्कृतिक मान्यता र भौगोलिक अवस्था रहेको हुन्छ भन्ने टेनको मान्यताका आधारमा हेर्दा कथाकार इन्द्रबहादुर राई हुर्के-बढेको दार्जिलिङको पर्यावरणसँग समय आएको (वातावरण) र त्यहाँको प्रजाति (जाति) को उल्लेख भएको छ। कृतिको समाजशास्त्रीय विश्लेषणका विभिन्न आधारहरूमध्ये टेनको मान्यताअनुसार प्रजाति (जाति), क्षण (युग) र परिवेश (वातावरण) को छुट्टाछुट्टै सैद्धान्तिक पर्याधार उल्लेख गरी 'रातभरि हुरी चल्यो' कथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ।

## रातभरि हुरी चल्यो कथाको सैद्धान्तिक विश्लेषण

'रातभरि हुरी चल्यो' कथाको समाजशास्त्रीय विश्लेषण फ्रान्सेली दार्शनिक हिप्पोली टेनको मान्यताअनुसार गरिएको छ।

* Mr. Giri is Part Time Faculty in Nepali Departement at Birendra Multiple Campus (Tribhuvan University)

साहित्यकारले आफ्नो कृतिको विषय वा सामग्री समाजबाट लिन्छ भन्ने मान्यता राखेका छन् । समाजशास्त्रीय अध्ययन आफ्नो कृतिमा रहेको प्रजाति (जाति), क्षण (युग) र परिवेश (वातावरण) को अध्ययनबाट मात्र सम्भव हुन्छ भन्ने उनको मत छ । कृतिको समाजशास्त्रीय विश्लेषणका विभिन्न आधारमध्ये हिप्पोली टेनको यही मान्यतालाई प्रस्तुत कथा विश्लेषणका लागि आधार मानिएको छ ।

'रातभरि हुरी चल्यो' कथामा वि.सं. २०१६ पूर्वको अवस्थामा नेपालको विभिन्न स्थानबाट आर्थिक र सामाजिक कारणले दार्जिलिङको परिवेशमा पुगेर भोगेका तत्कालीन क्षण (युग) लाई प्रस्तुत गरिएको छ । साहित्यकार जुन युगमा बाँचेको हुन्छ त्यस युगको आफ्नै सामाजिक तथा सांस्कृतिक, भौगोलिक अवस्था वा मान्यता रहेको हुन्छ । त्यही कुरा कृतिको परिवेशमा आएको हुन्छ । 'रातभरि हुरी चल्यो' कथामा भारतको दार्जिलिङमा बसोबास गर्ने प्रवासी नेपाली जातिको आर्थिक, सामाजिक र शैक्षिक आदि पक्षको चित्रण गर्न यस कथामा कालेका बाआमा, काले, खिरौनी दर्जिनी, मधेसी, ठूलीकी आमा, दोरङ्गिनी, बी.बी. गुरुङ्ग, चौकिदार, मोक्तान बाबु, बाबुनी, माइली आदि पात्रहरूले प्रजाति (जाति) को प्रतिनिधित्व गरेका छन् । यस अनुसन्धान-पत्रमा जाति (प्रजाति), क्षण (युग) र परिवेश (वातावरण) को छुट्टा-छुट्टै सैद्धान्तिक पर्याधार उल्लेख गरी सोहीअनुसार इन्द्रबहादुर राईको यस कथाको विश्लेषण गरिएको छ ।

## जाति (प्रजाति) को सैद्धान्तिक पर्याधार

साहित्यको समाजशास्त्रीय विश्लेषणका आधारमध्ये हिप्पोलीट टेनले प्रजातिअन्तर्गत व्यक्तिका सहज तथा वंशाणुगत विशेषता व्यक्तिको मानसिक बनावट एवम् शारीरिक संरचनाजस्ता पक्षलाई उल्लेख गरेका छन् । हिप्पोलीट टेनका अनुसार कुनै एक प्रजाति देश, कालको दृष्टिबाट टाढाटाढासम्म फैलिए पनि उनीहरूको वंशगत समानता, विशेषता केही न केही रूपमा रहेको हुन्छ । प्रजातिको चरित्रगत विशेषता जलवायु, माटो र इतिहासका महत्त्वपूर्ण घटनाबाट निर्माण हुन्छ (पाण्डेय, १९८९ : पृ. १२४) । प्रतिभाले पनि प्रजातिगत विभेद छुट्याउन मद्दत गर्दछ । प्रजातिगत प्रभावबाट प्रतिभा तथा साहित्यकारको जन्म हुने हुँदा साहित्यकारहरूले आफ्नो कृतिमा प्रजातिगत विशेषताको अभिव्यक्त गरेका हुन्छन् । साहित्यिक कृतिमा आएका प्रजातिहरूका समान र असमान चरित्र, स्वभावहरूको पहिचान गर्ने आधार भनेको वंशाणुगत सम्बन्ध, जलवायु, माटो र इतिहासका महान् घटनाहरू नै हुन् । हिप्पोली टेनले प्रजातिको अवधारणालाई उल्लेख गर्ने क्रममा समकालीन वैज्ञानिक चार्ल्स डार्विनको विकासवाद एवम् उनको चिन्तनलाई आधार बनाएका हुन् (पाण्डेय, १९८९ : पृ. १२५) ।

कुनै साहित्यिक कृतिको लेखन एउटा व्यक्तिको काल्पनिक उपज मात्र होइन, त्यो कुनै न कुनै प्रजातिको प्रभावबाट अलग रहन सक्दैन । साहित्यिक कृतिको रचना स्रष्टाको समकालीन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावको प्रभावबाट हुन्छ (क्षेत्री, २०६४ : पृ. २१) । टेनले साहित्यका माध्यमबाट जातिको वंशाणु गुणको आकलन गर्न सकिन्छ भनेका छन् । प्रजातिको बोली र व्यवहार चरित्र र जीवनचर्या, संसकार र संस्कृतिको आचरणबाट पहिचान गर्न सकिन्छ । मानिसको अनुहारको संरचना एवम् आकृति, शरीरको बनोट, आंगिक संरचना, शरीरको छालाको रङ्गाकृतिको आधारमा जाति एवम् वंशाणुको पहिचान गर्न सकिन्छ । मूलतः वंशाणुगत गुण भन्नाले एउटा प्रजातिमा अघिदेखि रहँदै आएको गुण वा विशेषता हो । प्रजातिलाई छुट्याउने अर्को आधार शारीरिक बनावट पनि हो । शारीरिक बनावटअन्तर्गत मान्छेको उचाइ, मोटाइ र आकार-प्रकारलाई सङ्केत गर्दछ । टेनका अनुसार वंशाणुगत गुणको प्रभावले मात्र शारीरिक संरचना निर्माणमा प्रभाव नपारेर पौष्टिक भोजन तथा जलवायुले पनि प्रभाव पारेको हुन्छ (क्षेत्री, २०६४ : पृ. २२) । प्रजातिको स्थिति पहिचान तथा त्यसको अध्ययनका निम्ति उसको वंशाणुगत स्थितिका साथ जलवायुको प्रभाव एवम् पौष्टिक भोजनजस्ता पक्षले पनि प्रभाव पार्दछ ।

टेनका अनुसार कुनै पनि कृतिको सम्पूर्ण साहित्यिक चिन्तनको लक्ष्य समाजमा मानव जाति तथा प्रजातिको स्थितिको बारेमा जानकारी प्राप्त गर्नु हो । साहित्यिक कृतिको स्रष्टा र कृतिको बारेमा जान्नका लागि साहितयको अध्ययन आवश्यक हुन्छ । प्रत्येक कृतिमा तत्कालीन समयका प्रजातिहरूको प्रतिबिम्ब हुने हुनाले साहित्यको अध्ययनबाट मानव जातिका विविध प्रजातिको अध्ययन गर्न सकिन्छ ।

## रातभरि हुरी चल्यो कथामा जाति (प्रजाति)

'रातभरि हुरी चल्यो' कथामा भारतको दार्जिलिङमा बसोबास गर्ने प्रवासी नेपाली जातिको आर्थिक, सामाजिक, शैक्षिक आदि पक्षको चित्रण पाइन्छ । यस कथामा कालेकी आमा, कालेका बा, काले, खिरौनी दर्जिनी, मधेसी, ठूलीकी आमा, दोरङ्गिनी, बी.बी. गुरुङ्ग, चौकिदार, मोक्तान बाबु, बबुनी, माइली आदि पात्रहरूले प्रजातिको प्रतिनिधित्व गरेका छन् । नेपालका विभिन्न स्थान मूलतः नेपालको पूर्वी पहाडी जिल्लाहरूबाट सामाजिक, आर्थिक र सांस्कृतिक कारणले दार्जिलिङ क्षेत्रमा बसोबास गरेका नेपाली प्रजातिले भोगेका तत्कालीन अवस्था प्रकट भएका छन् ।

'रातभरि हुरी चल्यो' कथाका स्रष्टा इन्द्रबहादुर राईले पनि नेपालबाट रोजीरोटीको निम्ति मुगलान अर्थात् भारत प्रवेश गरेका नेपाली जातिमध्ये एक हुन् । राईले विपना कतिपय (२०१८) कथासङ्ग्रहको भूमिकामा लेखेका छन् - "नेपालबाट रोजीरोटीको निम्ति भारतको दार्जिलिङ, आसाम छिरेका केही नेपालीहरूको कथा लेखे तर अझ कमानमा जुनी बिताउने कलकत्तातिर रैथाने भएर बसेका अचेल नेपाल पस्न लागेका नेपालीहरूका कथाहरू लेख्नै भ्याइएन (राई, २०१८ : पृ. भूमिका) ।" नेपाली जातिहरू आधारभूत रूपमा जीवनयापन गर्ने आधारभूत आवश्यकता परिपूर्तिको निम्ति विदेश जान विवश छन् ।

टेनका अनुसार प्रजाति (जाति) लाई छुट्याउने आधारमध्ये मानिसको उचाइ, भोगाइ, आकार-प्रकार र छालाको रङ्गाकृति हो । कथाकी प्रमुख पात्र कालेकी आमाको वर्णन यसरी गरिएको छ - "काली काली अनुहारकी गतिलो शरीर भएकी चालीस पुग्न आँटेकी कालेकी आमाले उपहासमा भनी (राई, २०१८ : पृ. ४८) ।" यसबाट प्रष्ट हुन्छ कि प्रायः गहुँगोरो अनुहार हुने नेपालीहरू दुःख गरेर पनि पौष्टिक आहार खोन हुँदा शारीरिक रूपमा हृष्टपुष्ट हुन्छन् । मूलतः यस कथामा राई प्रजातिमा देखिने शारीरिक विशेषताको सङ्केत गरेको हुनाले हिप्पोली टेनले भनेझैँ साहित्य लेखन स्रष्टाको काल्पनिक उपजमात्र नभइ समाजका प्रजातिको प्रभाव समेत रहन्छ । यही कुरालाई इन्द्रबहादुर राईले यस कथामा पुष्टि गरेका छन् ।

कथामा नेपाली जातिको विशेषता उल्लेख गरिएको छ - "डेढ घण्टाजति पछि ऊ कचहरीनेर मोक्तान बाबुको दैलोमा आइपुगी । यहाँ आधा सेर खान्थ्यो । दूध भर्दै गर्दाभित्र आएर बस न है एक छिन्, एक प्याला तातो चिया खाएर जाऊ ... भनेर खरखरकी केटी राम्री बाबुनीले दया देखाई (राई, २०१८ : पृ. ४८) ।" यस प्रसङ्गबाट बुझन सकिन्छ कि नेपालको पूर्वी पहाडी क्षेत्रमा बसोबास गर्ने मोक्तान प्रजातिका मानिसहरू भारतको दार्जिलिङमा पनि गएर बसोबास गरेको कुराको सङ्केत हुन्छ। डेढ घण्टा हिँड्दा पानीले भिजेर आएकी कालेकी आमाको अवस्था देखेर दया गरेर तातो चिया दिनुले नेपाली जातिमा रहेको समभाव एवम् दया गर्ने विशेषता देखिन्छ । कुनै पनि प्रजातिमा रहेको अघिदेखिको गुण वा विशेषताले वंशाणुगत गुणलाई प्रष्ट पार्दछ । त्यसैले यहाँ नेपाली जातिको विशेषता पाइन्छ ।

कथाकी प्रमुख पात्र कालेकी आमाले दार्जिलिङमा बसोबास गर्ने दोरङ्गिनीको बारेमा यसरी उल्लेख गरेकी छ - "दोरङ्गिनीलाई उसले हेर्दै लगी - कति सफा लुगाफाटा, कति सेतो अनुहार, हातहरू कति राम्रा । उसको लोग्नेलाई सुख छ, घरभरि चौकी पलङहरू र दराजमा सारीहरू, माटो हिलो छुनु पर्दैन, गोबर सोहोर्नु पर्दैन, हावापानीदेखि डराउनु पर्दैन (राई, २०१८ : पृ. ५०) । यसरी कुनै पनि प्रजातिको अध्ययनको निम्ति त्यसको पूर्व वंशाणुगत स्थिति र समकालीन समयमा उसले भोगेको एवम् रहेको भौगोलिक, सामाजिक र सांस्कृतिक स्थिति र अवस्थाले केही न केही प्रभाव पारेको हुन्छ भन्ने टेनको मान्यता रहेको छ ।

'रातभरि हुरी चल्यो' कथामा प्रवासी नेपाली जातिको सङ्केत गरे पनि त्यसभित्र विभिन्न प्रजातिको पनि उल्लेख गरिएको छ - "खिनौरी दर्जिनीले भनी - बिजुलीको अलग्गै दुई रूप्पे गरे बाह्र रूप्पे पो तिर्दै थियो एउटा मधेसीले । त्यो गयो, भोलि म खबर गर्छु नि दिदी (राई, २०१८ : पृ. ५४) ।" कथाकी प्रमुख पात्र कालेकी आमाले बजारतिर सर्ने सोचमा भाडाको निम्ति कोठाको कुरा गर्दा खिनौरी दर्जिनीले दिएको उत्तरबाट यो कुरा प्रष्ट हुन्छ कि नेपालका विभिन्न प्रजातिका मानिसहरू त्यहाँ आएर सानातिना काम गरेर जीवन गुजारा गरेका छन् । यहाँ मूलतः दर्जी र मधेसी प्रजातिको आर्थिक अवस्था सबल नभएको र कालेकी आमाको पारिवारिक स्थिति पनि समान रहेको कुराको सङ्केत मिल्दछ ।

नेपाली जातिका मानिसहरू कसैको घरमा कुनै खालको दुर्घटना पऱ्यो भने उसको घरमा जम्मा भएर सहानुभूति दर्शाउने परम्परा छ - "बी.बी. गुरुङको बरन्डामा पुग्दा त्यहाँ बिहानै घरभरि मानिसहरू जम्मा भएका थिए । दुई तिन जना बाहिर उभिएर पनि छाता ओढेर बात गर्दै थिए (राई, २०१८ : पृ. ५४) ।" नेपाली जाति मध्येको गुरुङ प्रजातिका मानिसहरू पनि त्यस ठाउँमा रहेको कुरा प्रष्ट हुन्छ ।

## क्षण (युग) को सैद्धान्तिक पर्याधार

साहित्यकार तथा कलाकारले भोगेको एवम् देखेको युग विशेष, काल विशेष, परिस्थिति विशेष, युगचेतना आदिको समयलाई क्षण भनिन्छ । क्षणअन्तर्गत टेनले युगचेतनालाई प्राथमिकता दिएका छन् । साहित्यकारले समाजमा देखेका, भोगेका प्रसङ्ग एवम् घटनालाई नै साहित्यको विषयवस्तु बनाउने हुँदा साहित्यिक कृतिमा सामाजिक स्थितिको प्रतिबिम्ब रहेको हुन्छ । हरेक युगमा मानिसको एउटा न एउटा अवधारणा हुन्छ । त्यही परिकल्पनाले आदर्श रूप धारण गरेको हुन्छ । त्यस युगको प्रमुख विचार मानव जीवनको सम्पूर्ण क्षेत्र, व्यवहार र चिन्तनमा प्रसार  हुन्छ । केही समयको अन्तरालमा नयाँ विचार विकसित भएर प्रधान विचार बन्न पुग्छ (पाण्डेय, १९८९ : पृ. १२५) । टेनका अनुसार पुराना विचार विस्थापन गर्दै नवीन चिन्तनको विकास राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएका हुन्छन् ।

साहित्यकार बाँचेको युगसँगै सामाजिक र भौतिक परिवेशको भावभूमि पनि उपस्थित हुने हुँदा कृतिमा क्षण (युग) खोज्न जरुरी हुन्छ । टेन साहित्यमा समाजशास्त्रको खोजी गर्न समकालीन युगको जानकारी हुन आवश्यक ठान्दछन् (श्रेष्ठ, २०६८ : पृ. ११३) । टेनले क्षण (युग) को अर्थ कृतिले अभिव्यक्त गरेको समयलाई मानेका छन् । साहित्यलाई दर्पणसँग तुलना गर्दै साहित्यकारले आफू बाँचेको युग (क्षण) को प्रतिबिम्ब साहित्यमा उतारेको हुन्छ । जुन कुरा एउटा शताब्दी र अर्को शताब्दी बीचको साहित्यमा देखिने भिन्नताबाट प्रष्ट हुन्छ । यसरी देखिएको भिन्नताको कारण तत्कालीन फरक युगको परिस्थिति र चेतनाको कारणले गर्दा हो ।

साहित्यको समाजशास्त्रीय अध्ययनको निम्ति साहित्यमा समाजको खोज गर्नको निम्ति हिप्पोली टेनको पहिलो तत्त्वको रूपमा मानेको क्षण (युग) ले समयको पहिचान गर्दछ । क्षणले स्रष्टाको सम्वेदनामा प्रभाव पार्न आउने तत्कालीन समयलाई सङ्केत गर्छ । कुनै पनि स्रष्टा प्रभावित भएको समयका विषयवस्तु र स्थितिलाई समेटेर रचना गरिएको कृतिको आँकलन क्षणको अध्ययनबाट गर्न सकिने हुँदा यसको महत्त्व रहेको कुरा टेनले उल्लेख गरेका छन् ।

## रातभरि हुरी चल्यो कथामा क्षण (युग)

'रातभरि हुरी चल्यो' कथामा चित्रित परिवेश भनेको वि.सं. २०१६ पूर्वको समयलाई सङ्केत गरेको छ । तत्कालीन समयमा रोजीरोटी एवम् आर्थिक उपार्जनको निम्ति नेपालीहरू भारतको विभिन्न ठाउँमा जाने प्रचलन थियो । 'विपना कतिपय' (२०१८) कथासङ्ग्रहको भूमिकामा कथाकार इन्द्रबहादुर राईले कथा लेखनको समयलाई तोकिदिएका छन् - "कथाहरू लेखिसक्नलाई अन्तिम दिन २९ फरवरी १९६० तोकेका थिए (राई, २०१८ : पृ. भूमिका) ।" यसबाट प्रष्ट हुन्छ कि सन् १९६० पूर्वको क्षण (युग) लाई समेटिएको हो । तत्कालीन समयमा नेपालबाट दार्जिलिङ गएका नेपाली भाषी मानिसहरू बसोबास गर्ने रुङ्दुङ खोलाको सेरोफेरो, कमान बस्ती र दार्जिलिङ बजारका मानिसहरूले भोगेका यथार्थता र विशेष गरी वर्षा यामको समयमा रुङ्दुङ खोलाको सेरोफेरो र कमान बस्तमा बस्ने मानिसहरूले भोगेका भौतिक र मानसिक तनावको क्षण नै कथाको मुख्य विषयवस्तु हो ।

कथाको शीर्षकबाटै प्रष्ट हुन्छ कि कथाको तत्कालीन क्षण भनेको रातभरि हुरी चल्योको समय हो । कथाको प्रमुख पात्र कालेको बाबुमार्फत् यसरी प्रकट भएको छ - "पटक्कै थामिँदैन !" कालेको बाबुले पनि भन्यो - "आज पूरा एक हप्ता भयो !" भनिसकेको पनि थिएन फेरि पानी ध-र-र-र वैरिन थालिहाल्यो (राई, २०१८ : पृ. ४४) ।" गरिबीको कारणले गाउँमा चुहिने छानो भएको घरमा बसोबास गर्ने विवश कालेका बाबु, आमा र परिवारको तत्कालीन अवस्थाको सङ्केत गरिएको छ ।

सुख, सुविधा र हावाहुरीबाट सुरक्षित हुन बजारमा बसोबास गर्ने सोच गरे तापनि आर्थिक अवस्थाको कारण आफू बसिरहेको गाउँघर छोड्न सकेका छैनन् ।

दूध बेच्न बजार पुगेकी कालेकी आमा बाबुनीलाई आफ्नो पीडा यसरी पोख्छे - "हाम्रो आँगनै जम्मै लग्यो । अब घरै लान लागेको छ । पानी पर्‍यो भन्न पाउँदैनौँ हामी, गाईलाई भोकै राख्न भएन, घाँस काट्न दगुर्नै पर्छ । राति निद्रा आएन भनेर दिउँसो सुत्न पाउँदैनौँ हामी ... (राई, २०१८ : पृ. ४८) ।" 'रातभरि हुरी चल्यो' कथाका पात्रहरू मूलतः ग्रामीण परिवेशका र अन्य पनि निम्नवर्गीय रहेका हुनाले प्राकृतिक रूपमा घर-गोठ विनास हुन लाग्दा पनि तत्कालै त्यसलाई निर्माण गर्ने एवम् छाडी नयाँ निर्माण गर्ने अवस्था देखिँदैन । यसबाट प्रष्ट हुन्छ कि प्रस्तुत कथा लेखनको समयमा ग्रामीण परिवेशमा बसोबास गर्ने मानिसको पेसा भनेको पशुपालन र खेतीपाती नै हो । हावा, हुरी, बाढी, पहिरोले घरबार विनास गर्दा पनि घर छोड्न नसक्नु र पानी पर्दा एवम् निद्रा लाग्दा समेत स्वेच्छाले आराम गर्न नपाई जीवन जिउनको लागि लगातार काममा खटिनु पर्ने अवस्था थियो भन्ने प्रष्ट हुन्छ ।

तत्कालीन समयमा मानिसमा रहेका विभिन्न अवधारणा अर्थात् परिकल्पना कथाको प्रमुख पात्र कालेका बाबुको भनाइबाट प्रष्ट हुन्छ - "तेरै जिद्दिले यस्तो ठाउँमा घर बनाएको ।" लोग्नेले एकाएक झोक्किएर भन्यो - "नभएदेखि मजासँग पुलिस काम गरेर बजार बीचमा बिल्डिङमा बस्दै थियौँ, हावाको डर न पहिरोको डर ... बडा बारी गर्ने भइस् । ठूलो भाग खालिस् ।" त्यस समयमा महिलाहरू आफ्नो घरबारी होस्, पशु-चौपाय हुन् र शारीरिक परिश्रम गरेर भए पनि सबै परिवारसँगै बस्ने चाहना राख्दथे । युवाहरू प्रहरीमा भर्ती हुने प्रचलन पनि थियो तर प्रहरीमा रहेको कालेको बाबु जागिर छाडेर कालेकी आमाको आग्रहमा गाउँमा आएर खेतीपाती र पशुपालनमा लागेको छ । त्यस बेलाको समाजमा आफ्नै घरबारी बनाएर खेतीपाती गरेर बस्ने सामाजिक स्थितिको चित्रण पनि कथामा भएको छ । तर गाउँ-घरको पहाडी परिवेश, वर्षाको बढ्ने खहरे खोला र हावा, हुरीको विनाशले गर्दा सोचेजस्तो हुन नसकेको स्थिति देखिन्छ ।

साहित्यकारले आफू बाचेको युगको प्रतिबिम्ब साहित्यिक कृतिमा उतारेको हुन्छ भन्ने टेनको मान्यता रहेको छ । त्यसैअनुरूप कथाकार इन्द्रबहादुर राईले नेपालबाट दार्जिलिङमा आएर बसोबास गरेका पात्र छनोट गरी लेखिएका कथामा ती पात्रहरू गाउँमा हावा, हुरी र पहिरोको कारण समस्यामा परेका छन् भने तत्कालीन समयमा सहरमा पनि आफ्नै खालका समस्या रहेको वास्तविकतालाई यसरी प्रस्तुत गरिएको छ :

"रातको ठूलो पानीमा सेतो बिरालो दैलो थुन्दा बाहिर परेछ । कति म्याउँ म्याउँ करायो होला तर पानीले सुनिदै सुनिएन । अलिक पानी थामिंदा बिरालोको खोज भयो । बाहिर खोज्दा कति बोलाउँदा पनि आएन । तलतिर खोज्न जाँदा खडाउ चिप्लेर निनीको आमा तल बाटोमा बजारिन पुगिछ । हतार-हतार डाक्टर बोलाइयो, डाक्टर पनि छोटो आएन । अहिलेसम्म होस फर्केको छैन (राई, २०१८ : पृ. ५४) ।

गाउँमा बस्नेहरू आफ्नो सन्तान र पशु चौपायलाई हावाहुरी र पानीबाट बचाउन आफू जोखिममा पर्न विवश थिए भने सहरमा आफूले पालेका बिराले, कुकुरजस्ता जनावरलाई जोगाउनको निम्ति पनि समस्यामा पर्ने गरेको अवस्थालाई चित्रण गरिएको छ । गाउँमा भन्दा बजारमा केही बढी सुविधा भए पनि आवश्यक पर्ने सेवा प्राप्त गर्न सकेका थिएनन् । बिरामी एवम् दुर्घटनामा पर्दा पनि भन्दा-भन्दै डाक्टर उपलब्ध हुन नसक्ने अवस्था रहेको तत्कालीन क्षण (युग) लाई समेत सङ्केत मिल्छ ।

तत्कालीन समयमा मानिसहरू यता गए राम्रो हुन्थ्यो कि उता गए सुविधा पाइन्थ्यो कि, अर्कोतिर गए सुरक्षित भइरहन्थ्यो कि भनेर नेपालबाट मुगलान, गाउँबाट सहर र सहरबाट पुनः गाउँ फर्कने स्थिति अर्थात् त्यस क्षणको वास्तविकता चित्रित भएको छ ।

## परिवेश (वातावरण) को सैद्धान्तिक पर्याधार

साहित्यिक कृतिमा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिकताले पार्ने प्रभावलाई पर्यावरण भनिन्छ । मानिस एक्लो नहुने हुँदा मानिस र प्रकृतिद्वारा चारैतिरबाट घेरिएको हुन्छ । त्यसैले कृतिभित्रका पात्रमा सामाजिक वातावरणको प्रभाव पर्दछ

भनेका छन् । त्यसैले कृतिभित्रका पात्रमा सामाजिक वातावरणको प्रभाव पर्दछ । टेनले साहित्यका माध्यमबाट साहित्यकार वा कलाकारले आफ्नो युग र राष्ट्रका मानव जीवनको सत्यको पहिचान गराउँछ (क्षेत्री, २०६४ : पृ. २३) । पात्र हुर्के-बढेको स्थान वरपरको मानसिकता वा वरपर बस्ने मानिसका विचारबाट सामाजिक पर्यावरण बन्दछ । लेखक बाँचेको युगको सामाजिक र भौगोलिक वातावरणलाई टेनले परिवेश मानेका छन् । उनले व्यक्तिको जातिगत विशेषता परिवेशबाट निर्धारण हुन्छ भन्दै यसअन्तर्गत भौगोलिक र सामाजिक परिवेशको चर्चा गरेका छन् (पाण्डेय, १९८९ : पृ. १२५) । मानिस जन्मेको र हुर्केको भौगोलिक पर्यावरणले समेत उसको शारीरिक एवम् मानसिक बृद्धिमा प्रभाव पार्दछ ।

लेखकले कृतिमा यथार्थपरकता झल्काउन समाजअनुकूलको पात्र सिर्जना गरेको हुन्छ । भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल भएको स्थानमा गाँस, बास र कपासको अभाव हुन्छ । त्यस्तो परिवेशमा दुःख, दरिद्रता, भोकमरीले सताउँछ । तिनै समस्याको चित्रण ती ठाउँका साहित्यमा पनि भेटिन्छन् भने यसका विपरीत भौगोलिक तथा प्राकृतिक परिवेश अनुकूल रहने ठाउँको जनस्तर राम्रो हुन्छ र त्यहाँको साहित्यमा पनि सुख, शान्ति र सम्पन्नताको चित्रण भेटिन्छ । यसरी भौगोलिक वातावरण र परिवेशले साहित्य सिर्जनामा प्रभाव पारेको हुन्छ । यस्ता कारणहरूले गर्दा साहित्यको अध्ययन गर्दा पर्यावरणलाई छुटाउन हुन्न भन्ने मत टेनको रहेको छ । टेनको यही पर्यावरणसम्बन्धी मान्यतालाई आधार मानेर 'रातभरि हुरी चल्यो' कथाको परिवेश (वातावरण) को अध्ययन गरिएको छ ।

## रातभरि हुरी चल्यो कथामा परिवेश (वातावरण)

'रातभरि हुरी चल्यो' कथामा दार्जिलिङको ग्रामीण र केही सहरी परिवेशको उल्लेख छ । मूलतः दार्जिलिङको ग्रामीण परिवेशमा जीवनयापन गर्दा आइपर्ने कठिनाइहरूका चित्रण गरिएको छ । दार्जिलिङ वरपरको ग्रामीण एवम् सहरी जनजीवनको भौगोलिक एवम् सामाजिक परिवेशलाई समेटिएको छ । यस कथामा प्राकृतिक परिवेशको रूपमा दार्जिलिङ वरपरका गाउँ, सहर, जङ्गल, वर्षायाम, रुङ्दुङ खोला आदि आएका छन् भने सामाजिक परिवेशको रूपमा तत्कालीन समय अर्थात् वि.सं. २०१० को दशकतिर नेपालको पूर्वी पहाडी जिल्लाबाट दार्जिलिङमा गई उतै बसोबास गरेका प्रवासी नेपालीहरूका भोगाइहरू प्रस्तुत गरिएको छ :

"अझ जोडले झरी परेपछि त छुट्टाछुट्टै थोप्लाका शब्दहरू सुनिन छाडेर एउटै लामो आवाज दरररमा चारै दिशा डुब्यो । अब सब बगाएर लैजान्छ, पहिरोले लान्छ, सब सोहोरेर माथिबाट छोप्दा.... यो घर पहिरोले लाँदै छ जस्तो लाग्यो (राई, २०१८ : पृ. ४४) ।

वर्षायामको रात हावाहुरीको साथमा एकोहोरो दर्किंदो पानी परेको छ । भौगोलिक हिसाबले भिरालो रहेको गाउँलाई पहिरोले बगाएर बिनास गर्न सक्ने स्थितिमा छ । कथामा दार्जिलिङको गाउँ वर्षायाममा कस्तो हुन्छ भन्ने प्राकृतिक परिवेशको सजीव चित्र प्रस्तुत भएको छ साथै साहित्यकार बाँचेको परिवेश कृतिमा यसरी आएको छ :

दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा रुङदुङ खोला भयानक तौरले पाखै थर्काएर गर्जंदै रहेछ बीच बीचमा अरू किसिमको आवाज पनि भएको जस्तो लाग्दा उसले खोलाले सिङ्गै खनिउको रुख बगाएर ल्याएको वा पहिरो झरेर माटोले खोलाको पानी जम्मै पहेंलो भएको अन्दाज काट्यो (राई, २०१८ : पृ. ४५) ।

रातको समयमा पानी पर्दा हावाहुरीले घरको छानो उडाएर पानी चुहुनाले सुत्न नपाएका कालेका बाबुआमा रातभरि कतिखेर पानी रोकिन्छ भनेर दैलो खोलेर हेर्न विवश छन् । पानी परेको रात गाउँको नजिकै बग्ने रुङदुङ खोलो बढेर त्यसले वरपरको जमिन, रुखविरुवा बगाउँदै अनियन्त्रित रूपमा विध्वंश गरेका कुरा कालेका बाबुले यसपाली गरेको अन्दाजबाट विगत समयमा खोलाले विनास गर्थ्यो भन्ने कुरा अभिव्यक्त हुन्छ । तत्कालीन समयमा वर्षायाममा पानी परेको रात त्यहाँका मानिसहरू बाढी, पहिरोको डरले रातभरि सुत्न नसक्ने स्थितिमार्फत् प्राकृतिक परिवेशले मानसिकतामा पारेको प्रभाव कथामा प्रष्ट रूपमा चित्रित भएको छ :

"बिहान दूधको ढुङ्ग्रो काँधमा बोकेर बजार जाँदै गरेकी कालेकी आमालाई बोराको घुम ओढेर फरुवाले आँगनमा भल काट्दै गरेको कालेको बाबुले कराएर सम्झायो - "काटी, लामो काँटी ल्याउन नभुल्नू है, यहाँ दिनभरि सब ठोक्नु पर्छ (राई,

२०१८ : पृ. ४८) ।

गाउँका मानिसहरू पशुपालन गर्छन् त्यसबाट उत्पादित दूध बेचेर प्राप्त रकमबाट घरखर्च चलाउनका लागि बिहानै उठेर नजिकैको बजारमा जान्छन् । त्यहाँको प्रमुख व्यवसाय कृषि भएको हुँदा मानिसहरू पशुपालन गर्छन् । त्यहाँको सामाजिक परिवेशमा आय आर्जनको महत्त्वपूर्ण माध्यम दूध बिक्री हो भन्ने कुरा प्रष्ट हुन्छ। दूध बेच्न बिहानमा हिँडेर बजारसम्म पुगिने भएकाले त्यो गाउँ, सहरबाट त्यति धेरै टाढा थिएन भन्ने कुराको सङ्केत मिल्छ । वर्षायाम भएको हुँदा पुनः पानी पर्नसक्ने आशङ्कामा कालेको बाबुले आँगनमा भल काट्दै गरेको एवम् बेलुका उडाएका टिन ठोक्नका लागि काँटी मगाएको छ । आफ्नो उत्पादन बेचेर अत्यावश्यक चिजको निम्ति खर्च गर्नु पर्ने सामाजिक परिवेश रहेको छ।

"यति जोतिएर मरिरहेको खालि यति खान र यति नै लाउनकालाई न हो ? फेरि खान पनि के खाएका छौ औ लाउन पनि के लाएका छौ र ? अरूले देख्ला भने यो खाने कुरा लुकाउनु पर्छ, यस्तो लाएर सहरमा अरूसँग उभिन सरम लाग्छ (राई, २०१८ : पृ. ५०) ।"

कथाकी प्रमुख पात्र कालेकी आमाले भनेअनुसार जति मरिमरि काम गरे पनि गरिबीको कारण आफूले चाहेजस्तो गर्न नपाएको, खान लाउनको समस्या रहेको छ । आफूले खाएको र लाएको अरूलाई देखाउन समेत लाज लाग्ने खालको छ भन्ने अभिव्यक्तिबाट गाउँको उत्पादनले मानिसको आधारभूत आवश्यकता पूरा गर्न समेत धौधौ छ जस्ले गर्दा गाउँका गरीब र सहरका मानिस धनी हुनु पनि यी दुई भिन्न परिवेशको कारणले गर्दा हो भन्ने पुष्टि हुन्छ :

चौकीदारनीले भनी "यता बजारमा त क्यै आपद् छैन, क्यै डर छैन। तर कमान बस्तीतिर कति दुःख, कस्तो बिजोग छ, मलाई थाहा छ। त्यै देखेर हाम्रा बाबुहरू बजार पसेका... (राई, २०१८ : पृ. ५४) ।"

कथाकी पात्र चौकीदारनीले बजारमा कुनै खालको आपद्, विपत र डर छैन । कमान बस्ती अर्थात् गाउँतिर दुःख भएको कारण आफ्ना बाबुहरू बजार आएको कुरा आफूलाई जानकारी छ भन्ने कुराले तत्कालीन समयमा मानिसहरू ग्रामीण क्षेत्रबाट सहरतिर आउने परिवेश पनि रहेको पाइन्छ :

"आपत विपत् जहाँ पनि छ । हो हुरीले बिगार्‍यो तर अब सबै ठिक बनाइ हाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न । आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन्, बारी छ, बारीमा तिस चालिस ड्याङ बाँसहरू छन्, गगुन निभारोका रुखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदै छ... हुरीले कति पो बिगार्न सक्छ र ? इः अब गएर बनाइ हाल्नु पर्छ (राई, २०१८ : पृ. ५४) ।"

कथाकी नायिक कालेकी आमाका यी भनाइबाट मानिसहरू जहाँ गए पनि धेरैथोरै प्राकृतिक प्रकोपसँग जुध्नै पर्छ त्यसैले आफू बसेकै स्थानमा प्राकृतिक प्रकोपको सामना गरी भविष्यका सम्भावनाहरूलाई आत्मसात् गर्दै आफ्नो कर्म गर्न छाड्न हुँदैन । यसबाट के पुष्टि हुन्छ भने तत्कालीन सामाजिक परिवेशमा कर्ममा विश्वास गर्ने खालका मानिसहरू पनि थिए ।

कथाकार इन्द्रबहादुर राई हुर्के, बढेको तत्कालीन दार्जिलिङको सेरोफेरोको पर्यावरणलाई समेटिएको 'रातभरि हुरी चल्यो' कथामा भौगोलिक स्थितिको कारण त्यहाँका मानिसहरूले भोग्नु परेको भौतिक एवम् मानसिक स्थितिको चित्रण गरिएको छ।

## निष्कर्ष

'रातभरि हुरी चल्यो' कथामा वि.सं. २०१६ पूर्वको अवस्थामा नेपालको विभिन्न स्थानबाट आर्थिक र सामाजिक कारणले गर्दा मुगलान अर्थात् विशेषत दार्जिलिङको परिवेशमा पुगेको नेपाली जातिले भोगेका तत्कालीन क्षणलाई अत्यन्त सशक्त ढङ्गले प्रस्तुत गरिएको छ। यस अध्ययन फ्रान्सेली दार्शनिक हिप्पोली टेनको कृतिलाई प्रजाति (जाति), क्षण (युग) र परिवेश (वातावरण) का आधारमा अध्ययन गरिनु पर्दछ भन्ने मान्यताअन्तर्गत अध्ययन गरिएको छ। कथामा प्रयुक्त सबै खाले पात्रले नेपाली जातीय विशेषता अङ्गालेका छन् । कथाका पात्रहरूमध्ये कालेकी आमा र बाबु राई प्रजातिको भएको सङ्केत मिल्छ भने पेसागत रूपमा कालेको बाबुले पुलिसको जागिर छाडेर श्रीमतीको आग्रहमा दुवै मिली गाउँमा कृषि व्यवसाय अपनाएका

छन् । अन्य प्रजातिगत रूपमा पहिचान भएका पात्रहरूमा दोरङ्गिनी, खिनौरी दर्जिनी, बी.बी. गुरुङ, मधेसी, बाबुनी आदि पात्र छन् । वि.सं. २०१८ मा प्रकाशित यस कथाको लेखन सङ्ग्रहको भूमिकामा उल्लेख गरेअनुसार वि.सं. २०१६ पूर्वको अवस्थालाई नै चित्रित गरिएको छ । त्यस समयमा मानिसहरूमा आफ्नै व्यवसाय एवम् जागिर गरेर पनि पैसा कमाउनु पर्छ भन्ने मानसिकता विकास भएको देखिन्छ । त्यसै गरेर बालबालिकालाई पढ्नको लागि स्कुल पठाउनु पर्छ अर्थात् गाउँमा पनि स्कुल खुलेको भन्ने कुरा कालेका बाबु-आमाले दुःख गरेर भए पनि कालेलाई पढ्न पठाएको प्रसङ्गले सङ्केत गर्छ । फ्रान्सेली दार्शनिक हिप्पोली टेनको अनुसार साहित्यकार आफ्नो कृतिको विषय वा सामग्री समाजबाट लिन्छ भन्ने मान्यता यो कथामा पनि मिल्न गएको छ । कथाकार इन्द्रबहादुर राईको परिवार पनि बसाईं-सराइ गरेर दार्जिलिङमा जानु र कथाका पात्रहरू पनि नेपाली जातिका रूपमा चित्रित हुनु र दार्जिलिङका कमान बस्ती र रुङ्दुङ खोलाको सेरोफेरोको प्राकृतिक एवम् सामाजिक चित्रण आउनुले कृतिको विषयमा कच्चा पदार्थ समाज नै भएको स्पष्ट छ । दार्जिलिङमा रहेका गाउँलेहरूले वर्षायामको समयमा भोग्नु परेका प्राकृतिक प्रकोप र गाउँमा हुने उत्पादनको कमीका कारणले गरीब भए पनि आफ्नो ठाउँको मायाले जीवनभर सङ्घर्ष गर्नुपर्दछ भन्ने मान्यतामा तत्कालीन सामाजिक परिवेशको राम्रो चित्रण गरिएको छ ।

## सन्दर्भस्रोत

क्षेत्री, उदय (२०६४). “इन्द्रबहादुर राईका आख्यानको समाजशास्त्रीय अध्ययन”. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. कीर्तिपुर ः नेपाली केन्द्रीय विभाग. ।

दाहाल, खेम (२०५८). “आधुनिक नेपाली उपन्यासको समाजशास्त्र”. अप्रकाशित विद्यावारिधि शोधग्रन्थ. कीर्तिपुर ः त्रिभुवन विश्वविद्यालय ।

पाण्डेय, मैनेजर (इ. १९८९). *साहित्य के समाजशास्त्र की भूमिका.* चण्डीगढ ः हरियाणा साहित्य अकादमी ।

राई, इन्द्रबहादुर (२०१८). *बिपना कतिपय. दार्जिलिङ ः* नवयुग नेपाली पुस्तक मन्दिर ।

श्रेष्ठ, विमला (२०६८). “माइतघर उपन्यासको समाजशास्त्रीय विश्लेषण”. *दोभान.* वर्ष १२. अङ्क ४. पृ. १०८-१२० ।